# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७६/०१/२०

पत्र संख्याः २०७५/०७६
चलानी नम्बर ...............

## सचेत गराईएको अत्यन्त जरुरी सूचना

यस नगरपालिकाका विभिन्न स्थानहरुमा स्थलगत अध्ययन, भ्रमण तथा अनुगमन गर्दा नगरपालिका अन्तरगतका विभिन्न इकाई, कार्यालय, शाखा, उपशाखा, विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुले आफ्नो पदीय दायित्व पुरा गर्नुको साटो आफ्नो कार्यरत निकायलाई हाजिरी मात्र लगाएर तलब भत्ता खाने भाँडोको रुपमा उपयोग गरी व्यक्तिगत पेशा व्यवसायमा संलग्न रहेको पाईएकाले आफ्नो पदीय दायित्वप्रति जिम्मेवार बन्न सचेत गराउँदै अब उप्रान्त उल्लेखित कार्यहरु भएको पाईएमा पदबाट निलम्बन वा बर्खास्त गरी कानुन बमोजिम कारवाही हुने व्यहोरा सचेत गराईन्छ ।

(क) गाउँघर क्लिनिक, स्वास्थ्यचौकीमा कार्यरत कर्मचारीहरुले छुट्टै क्लिनिक खोलि गाँउघर क्लिनिक, स्वास्थ्यचौकीलाई सहायक पेशा गर्ने स्थलको रुपमा लिई आफ्नो व्यक्तिगत क्लिनिकमा ध्यान दिने गरेको पाईएकाले अब उप्रान्त पनि त्यसै गरेको पाईएमा पदबाट बर्खास्त गरिनेछ । वडा नं. ३ र ९ लगायत अन्य वडामा केही गाँउघर क्लिनिकमा कार्यरत कर्मचारी लामो समयसम्म कार्यालयमा अनुपस्थित रहेको, नगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखाबाट उपलब्ध गराईने औषधी समेत नलिई चरम औषधिको अभाव गराई बिरामीहरुलाई आफ्नो क्लिनिकबाट औषधी वितरणको व्यवस्था मिलाईएको पाईएकाले निजहरुलाई पदबाट बर्खास्त गरिने ।

(ख) नगरपालिकाभित्रका केही सामुदायिक विद्यालयका शिक्षकहरु अप्रत्यक्ष रुपमा बोर्डिङ स्कुलको संचालक भई आफु कार्यरत विद्यालयभन्दा बोर्डिङ स्कुलको संचालन, व्यवस्थापन तथा बचावटमा लागेको पाईएकोले त्यस्ता शिक्षक एवम् कर्मचारीहरुलाई त्यस्तो कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नलाग्न र पेशाप्रति जिम्मेवार बन्न सचेत गराईन्छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका श्रीमति वा निजका आफन्तहरु सञ्चालक भई अप्रत्यक्ष रुपमा शिक्षकहरुको शेयर लगानीमा संचालन भएका संस्थागत विद्यालयहरुका अनुमति जुनसुकै बेला रद्द गरी त्यस्ता शिक्षकहरुलाई कानुन बमोजिमको कार्वाही गरिने ।

(ग) निःशुल्क र अनिवार्य आधारभुत तथा माध्यमिक शिक्षा नगरपालिकाको मुलभुत दायित्व भएकाले शिक्षा क्षेत्रमा व्यापार गर्ने शैक्षिक माफियाहरुको सशक्त ढङ्गले उन्मुलन गरिने । आधारभुत स्वास्थ्य तथा सरसफाई स्थानीय तहको अनिवार्य दायित्व अनतरगतको क्षेत्र भएकोले व्यक्तिको स्थास्थ्यमा प्रतिकुल असर पार्ने, खेलवाड गर्ने क्रियाकलाप जोकोहीबाट भएता पनि संलग्न सबैलाई कडाईपुर्वक दण्डित गरिनेछ ।

*पुनश्चः आफ्नो पदीय दायित्वप्रति इमान्दार, प्रतिबद्ध, जवाफदेही नहुने कर्मचारी तथा पदाधिकारी नगरपालिकाको लागि विषसमान भएकाले त्यस्ता व्यक्ति र प्रवृतिका विरुद्ध एकताबद्ध ढङ्गले नगरपालिकासँगसँगै अगाडी बढौं ।*

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत